साथै बालबालिक लक्षित कार्यक्रम अन्तरगत बालबालिकाको लक्षित कार्यक्रम संचालन गर्नका लागि यस जिल्ला अन्तरगत संचालित संस्था राजाकोट युवा क्लब संग सम्झौता गरी उक्त संस्थालाई कार्य संचालन गर्न जिम्मेवारी दिने निर्णय गरिनुका साथै आदिवासी जनजातीको लक्षित कार्यक्रम रु २०००००(दुई लाख) विनियोजित गरी कार्यक्रम माग गरी लागु गर्ने निर्णय गरियो । र लक्षित कार्यक्रम अन्तरगत दलित बर्गको तपशिल बमोजिमको रकम लक्षित बजेट बाट विनियोजित गरि निम्न बमोजिमको कार्यक्रम लागु गरी संचालन गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**तपशिल (दलित लक्षित कार्यक्रम)**

| सि.न.. | वडा नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | १ नं. वडा ब्याँस | गाई बाखा पालन | ३५,००० |
| २ | २ नं. वडा राप्ला | आरन घर संचालन भवन | ८0,००० |
| ३ | ३ नं. वडा सिना सुन्सेरा | बाखा पालन | ४0,००० |
| ४ | ४ नं. वडा सुन्सेरा | बाखा पालन | १७0,००० |
| ५ | ५ नं. वडा धौलाकोट | बाखा पालन | २५,००० |
| ६ | ६ नं. वडा हुती | बाखा पालन | २५0,००० |
| | जम्मा | | ६00,००० |

**निर्णय नं. २**

यसमा प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा ब्याँस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, सुन्सेरा दार्चुला बाट विनियोजित भएको दुम्लिङ देखि तिंकर सम्मको घोरेटो बाटो निर्माण गर्न टेन्डर बाट बोल पत्र आह्वानका लागि स्थानिय पत्रिकामा १५ दिने सुचना प्रकाशित गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. ३**

यसमा प्रस्ताव नं. ३ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७४/१०/२ गते बसेको बैठकबाट गाउँ पालिकाका उपाध्यक्ष हेमा भट्ट (जोशी) को संयोजकत्वमा अनुगमन समिती गठन भएकोमा उक्त योजना अनुगमन समिति मा यस ब्याँस गाउँपालिकामा कार्यरत प्राविधिकहरुलाई अनुगमन समितिमा समावेश गर्ने नर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय न.. ४**

यसमा प्रस्ताव नं. ४ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका वडा कार्यालयहरुमा कार्यरत सामाजिक परिचालकहरुको म्याद समाप्त भएको तर उत्कृष्ठ सामाजिक परिचालकलाई राख्न सक्ने भनि पत्र प्राप्त भएकोमा तपशिल बमोजिम उत्कृष्ठ सामाजिक परिचालक हरुलाई यहि मिति २०७४/९/१७ गते देखि लागु हुने गरी मासिक रु ८००० (नियमानुसार कर कट्टि हुने गरी) दिने गरी यही मिति २०७५ असाढ मसान्त सम्मका लागि करार नियुक्ति दिई सम्बन्धित वडा कार्यालयमा कार्य सञ्चालनमा लगाउने निर्णय पारित गरियो ।

**तपशिल**

१ हरक सिंह बुढाथोकी
२ सोविन्द्र सिंह खाती
३ मनि राज भट्ट
४ शारदा वडू

**निर्णय नं. ५**

यसमा प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा ब्याँस गाउँपालिका गाउँकार्यपालिका सुन्सेरा दार्चुलाको स्वास्थ्य शाखाको लागि औषधि खरिद गर्नको लागि १५ दिने बोल पत्र आह्वान का लागि स्थानीय पत्रिकामा सुचना प्रकाशित गर्ने निर्णय सर्व सम्मत बाट पारित गरियो ।

**निर्णय नं. ६**

यसमा प्रस्ताव नं. ६ माथी आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालय बाट विनियोजित गरिएको पशु अन्तरगतको कार्यक्रम कार्यक्रम बनाई उक्त कार्यक्रम स्वीकृत गरि लागु गर्ने निर्णयपारित गरियो ।

**निर्णय नं. ७**

यसमा प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस ब्याँस गाउँपालिका स्थित यही मिति २०७४/११/२४ गतेका दिन नारी दिवस मनाउनका लागि ९०००० (नब्बे हजार) रकम चालु खर्चको धार्मिक महोत्सव शिर्षक बाट विनियोजन गर्ने निर्णय सर्वसम्मत बाट पारित गरियो ।